Volume 12, Issue 01, 2026. pp. 59–68
Research Article
DOI: https://doi.org/10.3126/shodhmala.v12i1.100394

Shodhmala
शोधमाला

# मगर समुदायको सांस्कृतिक पहिचानमा डिजिटल प्रणालीले पारेको प्रभाव

**सुवेक्षा मेयाङ्वो**
एमफिल/पि.एच्.डी. शोधार्थी, इतिहास, संस्कृति तथा पुरातत्व विभाग, त्रिभुवन विश्वविद्यालय

**लेखसार**

प्रस्तुत लेख मगर समुदायको सांस्कृतिक पहिचानमा डिजिटल प्रणाली, विशेषतः सामाजिक सञ्जालले पारेको प्रभावमा केन्द्रित छ। अध्ययनको मुख्य उद्देश्य मगर समुदायको सांस्कृतिक पहिचान, विकास, संरक्षण तथा प्रवर्द्धनमा डिजिटल प्रणालीको भूमिकालाई स्पष्ट पार्नु रहेको छ। नेपाल बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक मुलुक भएकाले विभिन्न समुदायले आ–आफ्नो विशिष्ट सांस्कृतिक पहिचान कायम राखेका छन्। नेपालका प्रमुख आदिवासी जनजातिमध्ये एक मगर समुदाय पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको छ र यसको भेषभूषा, भाषा, साहित्य, लोकगीत, लोकनृत्य, रहनसहन तथा चाडपर्वले विशिष्ट सांस्कृतिक पहिचान निर्माण गरेको छ। गुणात्मक अनुसन्धान पद्धतिमा आधारित यस अध्ययनमा सामाजिक सञ्जालबाट प्राप्त सामग्रीलाई प्राथमिक स्रोतका रूपमा तथा सांस्कृतिक अध्ययनसम्बन्धी सैद्धान्तिक मान्यतालाई सहायक स्रोतका रूपमा उपयोग गरिएको छ। अध्ययनले सामाजिक सञ्जालले मगर समुदायका सांस्कृतिक पक्षहरूको अभिलेखीकरण, प्रचार–प्रसार, संरक्षण तथा पुस्तान्तरणमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखाएको छ। विशेषतः मगर भाषा, भेषभूषा, लोकसाहित्य, लोकगीत, लोकनृत्य, संस्कार तथा चाडपर्वसम्बन्धी सामग्री डिजिटल माध्यमबाट व्यापक रूपमा प्रसारित भइरहेका छन्। साथै, सामाजिक सञ्जालले स्वदेश तथा विदेशमा रहेका मगर समुदायलाई सांस्कृतिक रूपमा जोड्न र नयाँ पुस्तामा सांस्कृतिक चेतना अभिवृद्धि गर्न सहयोग गरेको देखिन्छ। अतः सामाजिक सञ्जालको योजनाबद्ध र प्रभावकारी प्रयोगमार्फत मगर समुदायको सांस्कृतिक उत्थान, पहिचानको संरक्षण, पुस्तान्तरण तथा सांस्कृतिक सम्पदाको सम्बर्द्धन गर्न सकिने निष्कर्ष अध्ययनले प्रस्तुत गरेको छ।

*मुख्य शब्दावली* : डिजिटल प्रणाली, सामाजिक सञ्जाल, मगर समुदाय, सांस्कृतिक पहिचान

***Article History***
Received: July 14, 2026
Accepted: August 25, 2026
***Email***
dearmphil@gmail.com
***Cite***
Meyangbo, S. (2026). मगर समुदायको सांस्कृतिक पहिचानमा डिजिटल प्रणालीले पारेको प्रभाव. Shodhmala *(शोधमाला)*, *12*(1), 59–68. https://doi.org/10.3126/shodhmala.v12i1.100394

## विषयपरिचय

नेपाल बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक परम्परा भएको देश हो । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा १२५ जाति आदिवासी समूह र १२३ भाषिक समूह रहेका छन् (राष्ट्रिय जनगणना, २०७८) । यी समुदायहरूले आफ्ना मौलिक भाषा, भेषभूषा, संस्कृति, रहनसहन, परम्परा र सामाजिक मूल्य–मान्यतामा आधारित सांस्कृतिक पहिचान कायम गर्दैआएका छन् । डिजिटल प्रविधि र सामाजिक सञ्जालको तीव्र बिस्तारले मानिसको सञ्चार, सामाजिक सम्बन्ध र सांस्कृतिक परिवेशलाई पनि फराकिलो तुल्याएको छ । यसमा खासगरी फेसबुक, टिकटक, युट्युब, र इन्स्टाग्राम जस्ता सामाजिक सञ्जालले साझा माध्यमका रूपमा भूमिका खेलेको देखिन्छ ।

CC BY NC

Copyright © 2026: Magar Studies Center

मगर समुदाय नेपालको प्रमुख आदिवासी जनजातिमध्ये एक हो । यो समुदायको आफ्नै भेषभूषा, भाषा, संस्कृति, लोकगीत, लोकनृत्य, चाडपर्व, रीतिरिवाज र सामाजिक परम्परा छ । आधुनिकीकरण र डिजिटल सञ्चार प्रणालीको विस्तारसँगै मगर समुदाय पनि सामाजिक सञ्जालको माध्यमबाट आफ्नो मौलिक संस्कृतिको संरक्षण र प्रचार–प्रसारमा सक्रिय हुन थालेको देखिन्छ। मगर समुदायको सांस्कृतिक पहिचानमा डिजिटल प्रणालीले पारेको प्रभावअन्तर्गत मगर समुदायमा पुस्तौँदेखि हस्तान्तरण हुँदै आएका सामाजिक मूल्य–मान्यता, परम्परा, रीतिरिवाज र सांस्कृतिक धरोहर आदि पर्दछन् । यसको क्षेत्र व्यापक भए तापनि यस लेखमा मगरहरूका परम्परागत जन्मदेखि मृत्युसम्म गरिने मुख्य परम्परा, भाषा, भेषभूषा, लोकगीत, लोकनृत्य, धार्मिक विश्वास, र चाडपर्वहरूको संरक्षणमा खेलेको भूमिकाको विषयमा अध्ययन गरिएको छ। यस अनुसन्धानले मगर समुदायको सांस्कृतिक पहिचान तथा भाषाको पुनरुत्थानमा समुदाय, सरकार तथा विभिन्न संघ–संस्थाहरूको भूमिका र प्रयासहरूलाई पनि उजागर गरेको छ।

आधुनिक डिजिटल प्रणाली र मिडियाको बढ्दो प्रयोगले विश्वभरि नै अस्थिरता बढिरहेको छ। नयाँ पुस्तामा आफ्नो मौलिक ज्ञानको कमि, पाश्चात्य संस्कृतिको बढ्दो प्रभावले मौलिक संस्कृति ओझेलमा पर्ने खतरा देखिएको छ। सामाजिक सञ्जालको माध्यमबाट यस समुदायको इतिहास, संस्कृति, र पहिचानका विषयमा आधिकारिक सामग्रीहरूको अभावले गर्दा गलत सूचना प्रवाह हुनसक्ने समस्या छ।

डिजिटल प्रणालीले मगर जातिको भाषा, परम्परा र मौलिक संस्कृतिलाई अभिलेखीकरण गर्न सहयोग गर्नेछ । अभिलेखीकरण गर्नका लागि सञ्जालले व्यवहारिक तथ्याङ्कहरू प्रदान गर्दछ र आउँदो पुस्तालाई मगर जाति र प्रविधिको अन्तरसम्बन्धका बारेमा थप अध्ययन गर्न सहयोग पुर्‍याउने छ । नेपालमा मगर समुदायसम्बन्धी अधिकांश अनुसन्धान भाषा, इतिहास र समाजशास्त्रमा केन्द्रित छन् तर डिजिटल प्रणालीमा सामाजिक सञ्जालले मगर समुदायको सांस्कृतिक पहिचानमा पारेको प्रभावका विषयमा हालसम्म कुनै पनि अध्ययन अनुसन्धान भएको देखिँदैन । यसर्थ उक्त रिक्ततालाई पूर्णता प्रदान गर्न यस अध्ययनको आवश्यकता औँल्याइएको हो। यो लेख मगर समुदायको सांस्कृतिक पहिचानमा डिजिटल प्रणालीको प्रभाव शीर्षकमा आधारित छ।

यस अध्ययनमा मगरहरूको सांस्कृतिक पहिचानअन्तर्गत डिजिटल प्रणालीमा सामाजिक सञ्जालले पारेका प्रभावसम्बन्धी विविध पक्षको सङ्क्षिप्त चर्चा गरिएको छ । त्यसक्रममा डिजिटल प्रणालीले मगर समुदायको सांस्कृतिक पहिचानमा के–कस्ता परिवर्तनहरू भए र नयाँ पुस्तामा कस्तो प्रभाव देखिएको छ भन्ने विषयलाई अध्ययनको केन्द्रमा राखिएको छ। मगर समुदायको सांस्कृतिक रूपान्तरणमा डिजिटल प्रणालीले पारेको प्रभाव अध्ययन गर्न विभिन्न डिजिटल माध्यमहरूमध्ये फेसबुक, युट्युब, टिकटक, र ईन्स्टाग्रामलाई मात्रै आधार बनाएर अध्ययन गरिएको छ भने सांस्कृतिक संस्थानका पूर्वमहाप्रवन्धक तथा संस्कृतिक अध्येता राजेश थापा मगर (मोरङ), राजनीतिकर्मी श्री बेची लुङ्गेली (सर्लाही), पूर्व भारतीय सेना ९३ वर्षीय गेरु पुन मगर (म्याग्दी), संस्कृतिकर्मी डा. प्रतिभा पून (रूपन्देही), समाजसेवी दिलिप राना मगर (धनकुटा), मगर समाज सामाजिक अभियन्ता श्री शेरबहादुर थापा मगर (मोरङ) सँग मगर समुदायमा प्रचलित केही महत्त्वपूर्ण मौलिक परम्परागत संस्कृतिअन्तर्गत जन्मदेखि मृत्युसम्मका प्रमुख संस्कारमा आधारित भएर डिजिटल प्रणालीमा सामाजिक सञ्जालले पारेका प्रभावका विषयमा गरिएका कुराकानीबाट अनुसन्धानको लेख तयार पारिएको छ।

## अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य मगर समुदायको सांस्कृतिक पहिचानमा डिजिटल प्रणालीले पारेको प्रभावको अध्ययन तथा विश्लेषण गर्नु हो । यसअन्तर्गत मगर समुदायको सामाजिक, सांस्कृतिक तथा दैनिक जीवनमा डिजिटल प्रणालीका सकारात्मक तथा नकारात्मक प्रभावको विश्लेषण गर्नु, भाषा, कला तथा

संस्कृतिको संरक्षण र प्रवर्द्धनमा डिजिटल सञ्जालको भूमिकाको मूल्याङ्कन गर्नु, डिजिटल प्रविधिले पुरानो र नयाँ पुस्ताबीचको सांस्कृतिक अन्तरसम्बन्धमा ल्याएको परिवर्तनको अध्ययन गर्नु तथा सांस्कृतिक पहिचानको संरक्षण र प्रवर्द्धनका लागि डिजिटल प्रविधिको प्रभावकारी प्रयोगका उपायहरूको पहिचान गर्नु यस अध्ययनका प्रमुख उद्देश्य हुन्।

## अध्ययनविधि

अनुसन्धान पद्धतिमा अध्ययनको उद्देश्य, क्षेत्र र सैद्धान्तिक आधारहरूलाई पूर्णता प्रदान गर्ने विधिहरू अवलम्बन गरिएको हुन्छ । प्रस्तुत लेख गुणात्मक अनुसन्धान पद्धतिमा आधारित रहेको छ । अनुसन्धान पद्धति वा विधि सबै किसिमका अनुसन्धान कार्यको लागि महत्त्वपूर्ण पक्ष हो जसका लागि निश्चित प्रक्रियाहरू अवलम्बन गरिन्छ। अनुसन्धान पद्धतिअन्तर्गत अध्ययन क्षेत्रको छनोट, अनुसन्धान ढाँचा, व्याख्या–विश्लेषण प्रक्रिया साथै त्यस क्रममा मगर समुदायको प्रचलनमा रहेका सांस्कृतिक परम्परा तथा सामाजिक सञ्जालमा भेटिएका प्रचार सामग्रीलाई प्राथमिक स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ भने अनलाइन लेख, पुस्तक, जर्नल लेख, अनुसन्धान प्रतिवेदन, जनगणना प्रतिवेदन तथा अन्य प्रकाशित सामग्रीलाई सहायक सामग्रीका रूपमा उपयोग गरिएको छ । कुनै पनि अनुसन्धानमा नैतिक आचारको अत्यन्तै महत्त्व हुने हुने र संस्कृति सम्बन्धी अध्ययन संवेदनशील विधासमेत भएकोले यस अध्ययनको क्रममा नैतिक आचारणलाई पूर्ण पालना गरिएको छ । अध्ययनका क्रममा प्राप्त सामग्रीलाई वर्णनात्मक तथा विश्लेषणात्मक विधिको माध्यमबाट सन्तुलित विवेचना गरिएको छ।

## सैद्धान्तिक पर्याधार

मगर समुदायको सांस्कृतिक पहिचानमा डिजिटल प्रणालीको प्रभाव विषयमा केन्द्रित यस अध्ययनमा सांस्कृतिक अध्ययनको सैद्धान्तिक आधारअन्तर्गत Stuart Hall को Cultural Identity सम्बन्धी अवधारणा तथा Manuel Castells को Network Society Theory मा आधारित सिद्धान्तको प्रयोग गरिएको छ । उक्त सिद्धान्तहरूले डिजिटल प्रणालीमा सामाजिक सञ्जालले सांस्कृतिक पहिचानमा कसरी सहयोग गर्न सक्छ भन्ने विषयलाई स्पष्ट पारेको देखिन्छ।

सांस्कृतिक अध्ययनको सिद्धान्तले सांस्कृतिक पहिचानमा भाषा, संस्कृति, इतिहास, सामाजिक अनुभव तथा परम्पराको महत्त्वपूर्ण भूमिका रहने कुरालाई स्थापित गरेको देखिन्छ। पहिचान स्थिर नभई समय, सामाजिक परिवर्तन तथा नयाँ सञ्चार प्रविधिसँगै परिवर्तन हुँदै जाने प्रक्रिया हो । प्रस्तुत अध्ययनमा सामाजिक सञ्जालको प्रयोगले मगर समुदायको सांस्कृतिक पहिचानमा के कस्तो भूमिका निर्वाह गरेको छ भन्ने विषयलाई आधार बनाएर प्राप्त सामग्रीको अध्ययन विश्लेषण गरिएको छ। यसर्थ सांस्कृतिक अध्ययनको सिद्धान्तले कुनै पनि संस्कृति कसरी अभिव्यक्त भएको छ र त्यसको संरक्षण तथा पुनर्निर्माण कसरी भएको छ भन्ने कुराको विश्लेषण गर्ने आधार प्रदान गर्दछ।

Stuart Hall (1990) ले सांस्कृतिक पहिचानलाई "Being" मात्र नभएर "Becoming" पनि भएको कुरा उल्लेख गरेका छन्। यसक्रममा उनले पहिचान साझा इतिहास र सांस्कृतिक स्मृतिमा आधारित भए पनि समय, शक्ति सम्बन्ध, सामाजिक परिवर्तन तथा सञ्चार माध्यमसँगै निरन्तर पुनर्निर्माण हुन्छ भन्ने धारणा व्यक्त गरेका छन्। उनको उक्त अध्ययनको अवधारणाले मगर समुदायको सांस्कृतिक पहिचानमा सामाजिक सञ्जालको प्रयोगले पारेको प्रभावका विषयमा अध्ययन विश्लेषण गर्न सहयोग पुग्ने विश्वास गरिएको छ। सामाजिक सञ्जालले सूचना आदान–प्रदानको माध्यमका रूपमा मात्र नभई सांस्कृतिक अर्थ निर्माण तथा पहिचान र परिभाषित गर्ने मञ्चका रूपमा बुझ्न सहयोग गर्दछ।

म्यानुएल कास्टेलको सामाजिक सञ्जाल सिद्धान्त (1996) का अनुसार सूचना तथा सञ्चार प्रविधिको विकासले समाजलाई डिजिटल नेटवर्कमा आधारित संरचनामा रूपान्तरण गरेको छ। समाजमा व्यक्ति तथा समुदायहरू सामाजिक सञ्जालमार्फत एक अर्कासँग

जोडिन्छन् र नयाँ प्रकारको सामाजिक तथा सांस्कृतिक सम्बन्ध निर्माण हुन्छ । मगर समुदायको सन्दर्भमा यो सिद्धान्तअनुसार सामाजिक सञ्जालले स्थानीय तथा प्रवासी मगर समुदायबीच सांस्कृतिक सम्बन्ध कसरी विस्तार गरिरहेको छ भन्ने विषयलाई व्याख्या गर्न सहयोग पुर्‍याउँछ । सामाजिक सञ्जाल सिद्धान्तको अवधारणाले भौगोलिक सीमाभन्दा बाहिर रहेका प्रवासी मगर समुदायलाई डिजिटल डायस्पोराका रूपमा सङ्गठित हुन मद्दत गरेको छ । वैदेशिक रोजगारी वा अध्ययनका क्रममा अमेरिका, अस्ट्रेलिया, बेलायत, जापान, कोरिया तथा खाडी मुलुकलगायत अन्य देशहरूमा रहेका मगर हरूले अनलाइन समूह, फेसबुक पेज तथा भर्चुअल मञ्चहरूमार्फत सांस्कृतिक ऐक्यबद्धता कायम गरिरहेका छन् । प्रविधिले सिर्जना गरेको यो सञ्जालले गाउँघरका मौलिक सांस्कृतिक गतिविधिहरूलाई विश्वव्यापी रूपमा प्रसार गर्ने मात्र नभई टाढा टाढा रहेका पुस्ताहरूबीच पनि सांस्कृतिक निरन्तरता र साझा पहिचानको आभास दिलाउन महत्त्वपूर्ण भूमिका खेलेको छ ।

चार्ली गेरेको Digital Culture Perspective on Charlie Gere's Work (2002) मा डिजिटल संस्कृति सिद्धान्तले डिजिटल संस्कृतिको इतिहास, प्रविधि र समाजबीचको सम्बन्धको विस्तृत व्याख्या गरेका छन् । डिजिटल संस्कृति सिद्धान्तअन्तर्गत् डिजिटल माध्यमले मगर समुदायको भाषा, संस्कृति, रहनसहन, परम्परा, रीतिरिवाज र पहिचानमा ल्याएको परिर्वतन तथा संरक्षणको विश्लेषण गर्न र डिजिटल प्रविधि र सामाजिक सञ्जालले संस्कृति कसरी उत्पादन, प्रसारण, संरक्षण, रूपान्तरण र पुनर्निमाण गर्छ भन्ने बुझ्न मद्दत गर्छ । यसले फेसबुक, टिकटक, यूट्युब तथा इन्स्टाग्राम जस्ता अनलाइन डिजिटल प्लेटफर्ममार्फत मगर समुदायको भाषा, भेषभूषा, नृत्य, गीत, चाडपर्व, रीतिरिवाज र सांस्कृतिक अभ्यासको डिजिटल अभिव्यक्तिको अध्ययन गर्न सैद्धान्तिक आधार प्रदान गर्छ । यस सन्दर्भमा लेभ म्यानोभीचले नयाँ डिजिटल मिडियाका विशेषता र त्यसको सांस्कृतिक प्रभावको अध्ययन गरेका छन् भने हेनरी जेन्कीन्सले आफ्नो पुस्तक *Partucuoatirt Culture and Convergence Culture* मा डिजिटल संस्कृतिमा प्रयोगकर्ताको सक्रिय भूमिकाको व्याख्या गरेका छन् । यसैगरी डेभिड गाउनलेटले डिजिटल मिडिया र पहिचान निर्माणबीचको सम्बन्धका बारेमा गहन अध्ययन गरी निष्कर्ष प्रस्तुत गरेका छन् ।

## अध्ययनको विमर्श

यस अध्ययनमा मगर समुदायको सांस्कृतिक पहिचानमा सामाजिक सञ्जालले पारेको प्रभावका विषयमा निम्न बमोजिम छलफल र विश्लेषण गरिएको छ ।

सामाजिक सञ्जाल फेसबुक, टिकटक, यू-ट्युब तथा इन्स्टाग्राममा प्रकाशित मगर समुदायसम्बन्धी सामग्रीका विषयवस्तुहरूको विषयगत अध्ययन तथा विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा डिजिटल अभ्यासलाई अध्ययनको सैद्धान्तिक आधार र पूर्ववर्ती अनुसन्धानसँग तुलना गर्दै व्याख्या विश्लेषण गरिएको छ ।

### मगर जातिको परिचय

मगर जाति नेपालका प्रमूख र प्राचीन आदिवासी जनजातिहरूमध्ये एक हो । विशेषगरी नेपालको मध्य तथा पश्चिमी पहाडी भूभाग जस्तैः पाल्पा, गुल्मी, स्याङ्जा, तनहुँ, रोल्पा, रुकुम, नवलपरासी आदिलाई आफ्नो ऐतिहासिक थात्थलो मान्ने मगर समुदायको आफ्नै मौलिक पहिचान, भाषा, भेषभूषा र संस्कृति रहेको छ । नेपालको मेचीदेखि महाकालीसम्म बसोवास गर्ने यो जाति पूर्वोत्तर भारतको सिक्किम, दार्जिलिङ, आसाम, मेघालय तथा पश्चिममा देहरादुन, जम्मु, कश्मिर र विश्वका अन्य विभिन्न देशहरूमा पनि बसोबास गरेको पाइन्छ ।

मगर समुदायमा मुख्यतया तीनवटा फरक-फरक भाषाहरू बोलिन्छन् । यी भाषाहरू भाषाविज्ञानको हिसाबले भोट-बर्मेली भाषा परिवार अन्तर्गत पर्दछन् । मगर भाषाको लिपिलाई अक्खा लिपी भनिन्छ (थापामगर, २०४९) । मगर जाति एउटै भए तापनि भूगोल र क्षेत्रअनुसार बोलिने यी तीनवटै भाषाहरू एक-अर्कासँग धेरै फरक छन्, अर्थात् एउटा भाषा बोल्ने मगरले अर्को भाषा सजिलै बुझ्न सक्दैनन् ।

**मगर समुदायले बोल्ने तीनवटा मुख्य भाषाहरू**

***मगर ढुट***

यो मगर समुदायमा सबैभन्दा धेरै जनसङ्ख्याले बोल्ने प्रमुख मगर भाषा हो । सामान्यतया मगर भाषा भन्दा मगर ढुटलाई बुझिन्छ। यसलाई 'बाह्र मगरात' (१२ मगरात) क्षेत्रको भाषा भनिन्छ । यो भाषामा अभिवादन गर्दा 'झोर्ले' वा 'मिझोर' भन्ने चलन छ। यो भाषा पूर्वी र पश्चिमी गरी दुईवटा लवज (Dialects) मा बाँडिएको छ। यो भाषा बोलिने मुख्य ठाउँहरू पश्चिममा पाल्पा, स्याङ्जा, तनहुँ, गुल्मी, अर्घाखाँची, नवलपरासी, बागलुङ, कास्की, पर्वत, गोरखा आदि जिल्लाहरू हुन भने पूर्वमा सिन्धुली, महोत्तरी, ओखलढुङ्गा, उदयपुर, सिराहा, सुन्सरी, मोरङ, धनकुटा, इलाम, पाँचथरलगायतका जिल्लाहरू हुन् । त्यसैगरी नेपालबाहिर भारतको दार्जिलिङ, सिक्किम, असम, भुटान, बर्मामा बस्ने मगरहरूले पनि यही मगर ढुट भाषा बोल्ने गरेको पाइन्छ।

***मगर खाम***

यो भाषा विशेष गरी नेपालको मध्य–पश्चिमी पहाडी भूभागमा बसोबास गर्ने मगरहरूले बोल्ने गरेको पाइन्छ। यसलाई 'अठार मगरात' क्षेत्रको भाषा भनिन्छ । खाम भाषा आफैमा धेरै फरक र मौलिक छ। यसभित्र पनि 'पर्वते खाम', 'गमाले खाम' र 'सेसी खाम' जस्ता उप–भाषाहरू प्रचलनमा रहेको पाइन्छ। यो भाषा मगर ढुटसँग मिल्दैन। यो भाषा लुम्बिनी र कर्णाली प्रदेशको उच्च पहाडी तथा हिमाली जिल्लाहरू: रोल्पा, रुकुम (पूर्वी रुकुम र पश्चिमी रुकुम), बागलुङको पश्चिमी भेग, प्युठान, सल्यान र जाजरकोटका केही भागहरूमा बोलिएको पाइन्छ।

***मगर काइके***

मगर समुदायले बोल्ने सबैभन्दा कम जनसङ्ख्या भएको र लोपोन्मुख भाषा 'काईके' भाषा हो। यो भाषा निकै सीमित क्षेत्रमा मात्र प्रचलित छ। विशेषगरी काइके भाषा बोल्ने मगरहरूलाई स्थानीय रूपमा 'तराली मगर' पनि भनिन्छ। यो भाषा नेपालको डोल्पा जिल्लाको एउटा मात्र विशेष गाउँपालिकाको निश्चित गाउँहरूमा मात्र बोलिन्छ। डोल्पा जिल्लाको काइके गाउँपालिकाअन्तर्गत पर्ने सहरतारा, टुपतारा, ताराकोट, सम्मलिङ, नाम्देल र बेलाबा जस्ता गाउँहरूमा मात्र यो भाषा बोलिन्छ।

ऐतिहासिक र राजनीतिक कारणहरूले गर्दा नेपालका कतिपय जिल्लाहरू जस्तै, म्याग्दी र सोलुखुम्बुका मगरहरूले अहिलेसम्म आफ्नो रैथाने मगर भाषा बोल्दैनन् र नेपाली भाषा प्रयोग गर्छन्, तर त्यहाँका पुराना ठाउँहरूको नाम अझै पनि मगर भाषाकै आधारमा रहेका छन्।

मगरहरू प्रकृति पूजक हुन् त्यसैले भूमे, वनझाँक्री, र पितृको पूजा गर्छन् । मगरहरूले माघे सङ्क्रान्तिलाई मुख्य पर्वको रूपमा मनाउछन् भने कौरा, सालैजो, सोरठी, घाटु र हुर्रा नाच मगर संस्कृतिका गहनाको रूपमा प्रचलनमा रहेको पाइन्छ। यिनीहरू ऐतिहासिक रूपमा साहसी, इमान्दार र वीर योद्धाका रूपमा चिनिन्छन् । नेपाल एकीकरणदेखि प्रथम र द्वितीय विश्वयुद्ध तथा गोर्खा राइफल्समा मगरहरूको ठूलो र महत्त्वपूर्ण योगदान रहेको इतिहास छ।

**मगर समुदायसम्बन्धी अध्ययन**

नेपालमा मगर समुदायसम्बन्धी अध्ययनहरू मगर समुदायको सांस्कृतिक संरचना भाषा, लोकसंस्कृति तथा धार्मिक परम्परामा केन्द्रित छन्। ती अध्ययनहरूमा मगर समुदायको सांस्कृतिक सम्पदा, सामाजिक जीवन तथा परिवर्तनका विविध पक्षहरूको विश्लेषण गरेका छन्।

नेपालको राष्ट्रिय जनगणना प्रतिवेदन (२०७८) अनुसार मगरहरू देशको सबैभन्दा ठूलो आदिवासी समुदायमध्ये एक हुन् । तथापि नेपाली भाषा र अन्य सामाजिक प्रभावका कारण मगर भाषा लोप हुने अवस्थामा रहनु प्रमुख चुनौतीको रूपमा रहेको देखिन्छ।

हालका अनुसन्धानहरूले आधुनिकता, बसाइँसराइ, शिक्षा तथा प्रविधिको प्रभावका कारण मगर संस्कृतिमा परिवर्तन आएको भए पनि समुदायले आफ्नो सांस्कृतिक पहिचान संरक्षण गर्ने प्रयासलाई निरन्तरता दिएको निष्कर्ष प्रस्तुत गरेका छन्। तर तीमध्ये अधिकांश अध्ययन पश्चिम

तथा मध्य नेपालको मगर समुदायमा केन्द्रित रहेको पाइएको छ । मगर जातिको उत्पत्ति थलो, बसाइँसराइ जस्ता ऐतिहासिक पक्षका बारेमा विभिन्न विद्वानहरूले विभिन्न तर्कहरू अघि सारेको पाइन्छ।

पेशल दाहाल (वि. सं. २०४८), ले मगर जातिका पुर्खाहरूलाई मध्य–एशियाका घुमन्ते समूहका हुण र हेप्ताल (White Huns or Hephthalite) सँग सम्बन्धित मानेका छन् भने बालकृष्ण पोखरेल (वि. सं. २०५५) ले मगर जातिलाई लाखामण्डलतिरबाट मथुरा, कुमाउँ, गढवाल हुँदै खारी प्रदेश भोटसम्म पुगेका लाङ्दर्माका सन्तति खश साम्राज्यका सम्राट नागराज जावेश्वरसँग सम्बन्धित बताएका छन्।

## सामाजिक सञ्जाल र संस्कृति

सामाजिक सञ्जालले सांस्कृतिक सम्पदाको संरक्षण, अभिलेखीकरण तथा प्रचार–प्रसारमा महत्त्वपूर्ण भूमिका खेलेको पाइएको छ। फेसबुक, युट्युब, टिकटक तथा इन्स्टाग्राममार्फत समुदायहरूले भाषा, भेषभूषा, लोकगीत, नृत्य तथा सांस्कृतिक कार्यक्रमहरू सहज रूपमा सार्वजनिक गर्न थालेका छन्। यसले विशेषगरी युवा पुस्तामा सांस्कृतिक सहभागिता र समुदायप्रतिको अपनत्व बढाएको देखिन्छ। परम्परागत रूपमा भौतिक उपस्थितिमा मात्र सीमित रहने घाटु, सोरठी, सालैजो र हुर्राजस्ता मौलिक नृत्य तथा लोकगीतहरू अहिले डिजिटल माध्यममा सुरक्षित अभिलेखका रूपमा संरक्षित भइरहेका छन् । यसले नयाँ पुस्तालाई आफ्ना परम्परागत अभ्यासहरूसँग अभ्यस्त हुन र भाषा सिक्न सहजीकरण गरेको छ । अर्कोतर्फ सामाजिक सञ्जालको एल्गोरिदम प्रणाली तथा लोकप्रियतामुखी प्रवृत्तिका कारण सांस्कृतिक सामग्रीलाई मनोरञ्जनमुखी, लघुचलचित्र तथा व्यवसायिक रूपमा प्रस्तुत गर्ने अभ्यास पनि बढेको देखिएको छ। भाइरल हुने वा धेरै लाइक/भ्युज पाउने होडबाजीमा कतिपय मौलिक सांस्कृतिक रीतिथिति तथा गीत–नृत्यका मुख्य अर्थ र मर्म छुट्न जाँदा सांस्कृतिक प्रामाणिकता र गम्भीरतामा ह्रास आउने जोखिम पनि बढेको छ। यसबाट मौलिकता, प्रामाणिकता तथा सांस्कृतिक प्रतिनिधित्व सम्बन्धी प्रश्नहरू उठाएको छ।

भरतबहादुर खड्का (२०२३) का अनुसार, सामाजिक सञ्जालले समाजमा सामाजिक, आर्थिक र सांस्कृतिक पक्षहरूमा सकारात्मक तथा नकारात्मक प्रभाव पारेको छ । यसले पाश्चातीकरण र आधुनिकीकरणका बीच सफ्टवेयर विकासकर्ताहरूलाई करियर वृद्धि, पप संस्कृतिको ज्ञान र आफ्नै पहिचान जोगाउन कसरी प्रेरित गर्छ भन्ने कुरालाई स्पष्ट पारेको छ।

## मगर समुदायमा सामाजिक सञ्जालको प्रयोग

यस अध्ययनबाट मगर समुदायमा फेसबुक, टिकटक, युट्युब तथा इन्स्टाग्राम सबैभन्दा बढी प्रयोग हुने सामाजिक सञ्जाल रहेको देखिन्छ । युवा पुस्ताले विशेष गरी टिकटक र फेसबुकमार्फत सांस्कृतिक कार्यक्रम, लोकगीत, लोकनृत्य, पारम्परिक पोशाक तथा स्थानीय चाडपर्व, खानपान, रहनसहन र भौगोलिक परिवेश सम्बन्धी सामग्री नियमित रूपमा साझा गर्ने गरेको पाइएको छ भने ज्येष्ठ पुस्ताले फेसबुकलाई सूचना आदान–प्रदान तथा सामुदायिक कार्यक्रमको जानकारी लिनदिन बढी प्रयोग गर्ने गरेको देखिन्छ।

सहभागीहरूको भनाइअनुसार सामाजिक सञ्जालले समुदायभित्र सञ्चारलाई सहज बनाएको मात्र होइन सांस्कृतिक गतिविधिलाई व्यापक दर्शकमा पुऱ्याउने माध्यमका रूपमा पनि काम गरेको बताएका छन् । विशेषगरी मगर दिवस, सांस्कृतिक महोत्सव तथा सामुदायिक कार्यक्रमका तस्बिर, भिडियो र प्रत्यक्ष प्रसारणले समुदायको सहभागिता बढाउन सहयोग गरेको पाइएको छ।

यद्यपि, इन्टरनेटको पहुँच, डिजिटल साक्षरता तथा उमेरगत भिन्नताका कारण सामाजिक सञ्जालको प्रयोगमा समानता भने देखिँदैन। युवा पुस्ता सक्रिय भए पनि धेरै ज्येष्ठ नागरिक प्रत्यक्ष रूपमा डिजिटल माध्यममा संलग्न हुन नसकेको अवस्था भेटिएको छ।

## सामाजिक सञ्जाल र संस्कृति संरक्षण

अध्ययनका क्रममा सामाजिक सञ्जाल मगर समुदायको सांस्कृतिक संरक्षणको प्रभावकारी माध्यम

बनेको देखाएको छ । मगर भाषाका गीत, लोकभाका, सोरठी नृत्य, पारम्परिक पोशाक, कुलपूजा तथा सांस्कृतिक अनुष्ठान सम्बन्धी सामग्री नियमित रूपमा साझा गरिनुले ती सांस्कृतिक अभ्यासहरूको डिजिटल अभिलेखीकरण भएको पाइएको छ।

सहभागीहरूले सामाजिक सञ्जालका कारण पहिले स्थानीय स्तरमा सीमित रहेका सांस्कृतिक कार्यक्रम अहिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म पुगेको बताए। विशेष गरी विदेशमा रहेका मगर समुदायका सदस्यहरूले यस्ता सामग्रीमार्फत आफ्नो संस्कृति र समुदायसँग निरन्तर सम्बन्ध कायम राख्न सकेका छन् । यसले सांस्कृतिक संरक्षणलाई भौतिक सीमाभन्दा बाहिर विस्तार गरेको छ । परम्परागत ज्ञान, सिप, गीत, सङ्गीत तथा संस्कारहरू डिजिटल अभिलेखका रूपमा सुरक्षित हुन थालेकाले भावी पुस्ताका लागि पनि महत्त्वपूर्ण स्रोत तयार हुँदै गएको देखिन्छ।

**सामाजिक सञ्जाल र सांस्कृतिक पहिचानको निर्माण**

सामाजिक सञ्जालले विशेशगरी युवा पुस्तामा सांस्कृतिक पहिचान निर्माण र पुनर्निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको देखाएको छ। सहभागीहरूले डिजिटल माध्यममार्फत आफ्नो भाषा, भेषभूषा, कला तथा सांस्कृतिक गतिविधि सार्वजनिक गर्दा समुदायप्रतिको गर्व र अपनत्व बढेको अनुभव व्यक्त गरेका छन्।

यो निष्कर्ष स्टुअर्ट हलको सांस्कृतिक पहिचानको अवधारणासँग मेल खाएको देखिन्छ । उनकाअनुसार सांस्कृतिक पहिचान समय र सामाजिक सन्दर्भअनुसार निरन्तर निर्माण हुने प्रक्रिया हो। सामाजिक सञ्जालले मगर समुदायलाई आफ्नो पहिचान नयाँ ढङ्गले प्रस्तुत गर्ने अवसर दिएको छ।

त्यसैगरी म्यानुअल क्यासेलको सामाजिक सञ्जालको सिद्धान्तअनुसार डिजिटल नेटवर्कले स्थानीय समुदायलाई विश्वव्यापी समुदायसँग जोड्ने कार्य गर्छ । अध्ययनमा स्थानीय मगर समुदाय र विदेशमा रहेका मगर समुदायबीच सामाजिक सञ्जालमार्फत नियमित सांस्कृतिक अन्तरर्क्रिया भइरहेको देखिएको छ।

सिग्देल विष्णु (२०२४) का अनुसार मगरहरूको समृद्ध मुर्त, अमूर्त सांस्कृतिक सम्पदा छन्, जुन अध्ययन क्षेत्रमा अभ्यास भइरहेको छ, तर आधुनिकीककरणसँगै भित्रिएका सञ्जाल र बौद्ध, क्रिस्चियन जस्ता विभिन्न धर्महरूको प्रभावले अध्ययन क्षेत्रमा बस्ने मगरहरूको परम्परागत सांस्कृतिक सम्पदा र संस्कृतिको निरन्तरतामा समस्याहरू सिर्जना भएको देखिन्छ।

**सामाजिक सञ्जाल र प्रवासी मगर समुदाय**

यस अध्ययनले सामाजिक सञ्जालबाट पुस्तान्तरणमा सकारात्मक प्रभाव पारेको देखाएको छ। युवा पुस्ताले ज्येष्ठ पुस्ताबाट सिकेका लोकगीत, नृत्य, संस्कार तथा सांस्कृतिक अभ्यासलाई भिडियो तथा तस्बिरमार्फत डिजिटल रूपमा सुरक्षित राख्ने गरेको पाइएको छ। यसका साथै सामाजिक सञ्जालले प्रवासी मगर समुदायलाई आफ्नो मातृसंस्कृतिसँग जोडिराख्न महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ। विदेशमा रहेका मगरहरूले सामाजिक सञ्जालमार्फत मगर दिवस, चाडपर्व, सांस्कृतिक कार्यक्रम तथा धार्मिक गतिविधिमा सहभागिता जनाउने गरेका छन्। यसले भौगोलिक दुरी भए पनि सांस्कृतिक सम्बन्धलाई निरन्तरता दिएको पाइन्छ।

**सामाजिक सञ्जालका अवसर र चुनौतीहरू**

यस अध्ययनबाट सामाजिक सञ्जालका सकारात्मक तथा नकारात्मक दुवै पक्षहरू पहिचान गरेको छ। सामाजिक सञ्जालले मगर समुदायमा पारेको प्रभावलाई अवसर र चुनौतीका रूपमा हेर्न सकिन्छ। अवसरका रूपमा मगर भाषा तथा संस्कृतिको डिजिटल संरक्षण, सांस्कृतिक सम्पदाको अभिलेखीकरण, युवा पुस्तामा सांस्कृतिक चेतना अभिवृद्धि, प्रवासी मगर समुदायसँग सम्बन्ध विस्तार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सांस्कृतिक प्रचार–प्रसार तथा सांस्कृतिक पर्यटन प्रवर्द्धनको सम्भावना रहेका छन् । त्यस्तै, सामाजिक सञ्जालको प्रयोगसँगै लोकप्रियतामुखी सामग्री निर्माण, सांस्कृतिक सामग्रीको व्यावसायीकरण, मौलिकताको क्रमिक ह्रास, बाह्य संस्कृतिको बढ्दो प्रभाव, मगर भाषाको सीमित प्रयोग, अप्रमाणित तथा भ्रामक सामग्रीको

प्रसारण र डिजिटल पहुँच तथा डिजिटल साक्षरतामा असमानता जस्ता चुनौतीहरू पनि देखिएका छन्। यसबाट स्पष्ट हुन्छ कि सामाजिक सञ्जाल स्वयम् समस्या वा समाधान होइन, यसको प्रभाव यसको प्रयोग गर्ने तरिका तथा समुदायको सांस्कृतिक उत्तरदायित्वमा निर्भर गर्दछ।

अध्ययनको निष्कर्षमा सामाजिक सञ्जाललाई मगर समुदायको सांस्कृतिक संरक्षण, पहिचान निर्माण तथा पुनर्निर्माणको महत्त्वपूर्ण माध्यमका रूपमा स्थापित गरेको छ । प्राप्त तथ्यहरू स्टुअर्ट हल्सको सांस्कृतिक पहिचानको अवधारणा र म्यानुअल क्यासलको सामाजिक सञ्जालको सिद्धान्तसँग धेरै हदसम्म मेल खान्छन्। यद्यपि सामाजिक सञ्जालले अवसरसँगै चुनौती पनि सिर्जना गरेको छ। त्यसैले समुदाय, स्थानीय सरकार, सांस्कृतिक संस्था तथा शैक्षिक निकायले मगर भाषामा गुणस्तरीय डिजिटल सामग्री उत्पादन, सांस्कृतिक अभिलेखीकरण तथा डिजिटल साक्षरता अभिवृद्धिलाई प्राथमिकता दिन आवश्यक देखिएको छ।

**सांस्कृतिक पहिचान**

सांस्कृतिक पहिचान कुनै पनि समुदायको साझा इतिहास, भाषा, परम्परा, धार्मिक विश्वास, मूल्इ–मान्यता तथा सामाजिक अनुभवहरूको समष्टिगत अभिव्यक्ति हो । यो स्थिर अवधारणा नभई सामाजिक, राजनीतिक तथा ऐतिहासिक परिवर्तनसँगै निरन्तर निर्माण र पुनर्निर्माण हुने प्रक्रिया हो । समकालीन सांस्कृतिक अध्ययनले पहिचानलाई परिवर्तनशील सामाजिक अभ्यासका रूपमा व्याख्या गरेको छ। डिजिटल युगमा सामाजिक सञ्जालले सांस्कृतिक पहिचान अभिव्यक्त गर्ने स्वरूप परिवर्तन गर्दै गरेको पाइएको छ। हरेक समुदायहरूले आ–आफ्नो भाषा, कला, चाडपर्व तथा सांस्कृतिक सम्पदालाई डिजिटल माध्यमबाट अभिलेखीकरण र प्रसार गर्न थालेका छन् । यसले सांस्कृतिक संरक्षणमा योगदान पुऱ्याए पनि लोकप्रियता, व्यावसायीकरण तथा बाह्य सांस्कृतिक प्रभावका कारण मौलिकता जोगाउने चुनौती पनि त्यत्तिकै बढाएको देखिन्छ।

**मगरहरूको जन्म, विवाह र मृत्यु संस्कार**

मगर समुदायले जन्म, विवाह र मृत्यु संस्कार हरूलाई मौलिक परम्पराअनुसार प्रकृतिपूजक विश्वासको आधारमा आफ्नै सामुदायिक सहभागितासँग जोडेर सम्पन्न गर्ने गरेको पाइन्छ। यी संस्कार सम्पन्न गर्न यहाँका मगर हरूले सकेसम्म आफ्नै गाउँसमाजको पुजारीद्वारा यस्ता संस्कार सम्पन्न गराउँदै आएका छन् । मगर संस्कारले मगर समाजको सांस्कृतिक पहिचानलाई जोगाउने मात्र नभई सामूहिक जीवनशैलीलाई पनि बलियो बनाएको देखिन्छ।

पुन डम्बरबहादुर (२०२४) का अनुसार मृत्यु संस्कारमा सामान्यतया मगरहरूले स्थानअनुसार एक दिनदेखि तीन दिनसम्म नुन बार्ने र पछिल्लो समयमा बढीमा सात दिनदेखि तेह्र दिनसम्म नुन बार्ने चलन देखा परेको पाइन्छ।

समयअनुसार बदलिँदो अवस्थामा मगरहरूको आफ्नै पुजारी सजिलैसँग पाउन नसक्ने अवस्था भएकोले कतिपय स्थानमा हिन्दु धर्मअनुसार हिन्दु पुजारीद्वारा गराइएको यदाकता देखिन्छ । हाल अधिकांश रूपमा वैदेशिक रोजगारमा जाने युवा पुस्ताहरूमा भने बच्चा जन्मनु अगाडि उसको स्वास्थ्य राम्रो होस भनी पूजा गरिन्थ्यो भने हाल कोखपूजाको सट्टा 'बेबी सावर' ले ठाउँ लिन थालेको छ। त्यस्तै जन्मदिनमा दियो बालेर अक्षताको टिका लगाई आशीर्वाद लिनुको सट्टा केक काटेर बलेको बत्ति निभाउने र त्यसलाई सामाजिक सञ्जालमा स्ट्याटस वा रिल्स बनाएर भोट/लाइक बटुल्ने होडबाजी चलेको छ। त्यसैगरी विवाह संस्कारमा पनि युवा पुस्ता कोर्टमा गएर विवाह गरी फोटो तथा भिडियो सञ्जालमा पोस्ट गर्ने र परम्परागत भूमे, घाटु वा सोरठी नाचको साटो आधुनिक/पाश्चात्य शैलीको नाच प्रदर्शन गर्ने प्रवृत्ति बढेको देखिन्छ। मृत्यु संस्कारमा समेत शोकाकुल क्षणहरूलाई प्रत्यक्ष प्रसारण (Facebook Live) गर्ने अभ्यासले एकातिर टाढा रहेका प्रवासी आफन्तहरूलाई जोड्ने काम गरेको छ भने अर्कोतिर संस्कारको संवेदनशीलता, गम्भीरता, गोपनीयता र मौनताको मौलिक मर्मलाई भने प्रभावित पारेको छ।

संक्षेपमा भन्दा जन्म संस्कारमा जीवनको सुरुवात देखिन्छ भने विवाह संस्कारमा सामाजिक अपनत्व र ऐक्यबद्धता देखिन्छ । त्यसैगरी मृत्यु संस्कारमा हरेक आत्माको शान्तिको कामना र सामूहिक सर–सहयोगलाई महत्त्व दिएको देखिन्छ । यद्यपि प्रविधि र सामाजिक सञ्जालको सहजताले यी संस्कारहरूलाई विश्वव्यापी पहुँच त दिएको छ, तर यससँगै भित्रिएको देखावटीपन र अति व्यवसायीकरणले मगर संस्कृतिको मौलिकता, आध्यात्मिक गम्भीरता र सांस्कृतिक शुद्धतामा भने गम्भीर चुनौती खडा गरेको छ। यसरी सामाजिक सञ्जालले मगर समुदायको जन्म, विवाह र मृत्यु संस्कारको सञ्चालन तथा प्रस्तुतीकरणमा गहिरो र दोहोरो प्रभाव पारेको देखिन्छ ।

**अभिलेखीकरण तथा डिजिटलाइजेसन**

मगर जातिको संस्कृतिलाई अभिलेखीकरण तथा डिजिटलीकरण गरी नयाँ पुस्ताका लागि संरक्षण गर्नुपर्छ। यसले मगरसँग सम्बन्धित मौलिक संस्कृति तथा ज्ञानलाई सुरक्षित राख्ने काम गर्दछ । पुराना गीत सङ्गीतहरू, कथाहरू, र अनुष्ठानलाई डिजिटल माध्यममा सुरक्षित गर्दा आउदो पुस्ताले सजिलै अध्ययन गर्न सक्नेछन् । यसले मगरहरूको मौलिक संस्कृतिलाई जीवन्त राख्न विशेष भूमिका खेल्दछ । नेपाल अधिराज्यभरका मगर हरूले पोष्ट गरेका ती सामाजिक सञ्जालमा पाइएका अनेकौ विषयमा रहेका हुन्छन। तिनीहरूको पनि विषयगत अभिलेखीकरण गरी डिजिटलीकरण गर्दा यसले मगर संस्कृतिको गहिरो अध्ययन र शैक्षिक मूल्याङ्कनलाई बलियो बनाउँछ । यसबाट स्थानीय समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्न सकिन्छ र समाजमा परेको प्रभावहरूलाई न्यून गर्न सकिन्छ । समुदाय स्वयम्ले आफ्नो संस्कृति जोगाउने जिम्मेवारी लिँदा मात्र संरक्षण दीगो हुन्छ। यी उपायहरूलाई सामूहिक रूपमा लागू गर्दा मगर संस्कृतिलाई सुरक्षित राख्नुका साथै नयाँ पुस्तामा गर्व र पहिचानको भावना पनि बलियो बनाउन सकिन्छ।

यस अध्ययनबाट उल्लिखित विभिन्न किसिमका परिणामहरूको प्राप्ति भएको छ। सामाजिक सञ्जालले मगर समुदायको संस्कृतिलाई गाउँको आँगनबाट निकालेर विश्वसामु पुर्‍याएको देखिन्छ । यसले संस्कृतिको मौलिकता भन्दा बढी बाहिरी आवरणलाई प्राथमिकता दिएको देखिन्छ। यस्ता सञ्जाललाई केवल प्रचार र मनोरञ्जनका साधन मात्र नबनाएर आफ्नो मातृभाषा सिकाउन, इतिहास बुझाउन र मौलिक संस्कृतिलाई संरक्षित गर्न प्रयोग गर्नु नै आजको मुख्य आवश्यकता हो । मगर जातिको संस्कृति भनेकै नेपाली राष्ट्रियता झल्काउने एक महत्त्वपूर्ण अंश हो। मगरहरूले दैनिक व्यवहारमा लागू हुने क्रियाकलाप, प्रयोग गर्ने भाषाहरू, मौलिक भेषभूषा, गरगहना, उनीहरूले गाउने लोकगीत, नाच्ने लोकनृत्य, मनाउने चाडपर्व, धार्मिक विश्वास तथा परम्परागत रूपमा मान्दै आएका महत्त्वपूर्ण सांस्कृतिक पक्षहरूका विषयमा यस अध्ययनले स्पष्ट पारेको छ। यस अध्ययनले सांस्कृतिक विचलनका कारण मगर समुदायको सांस्कृतिक पहिचान जोखिममा पर्दै गएको कुरालाई प्रमाणित गर्दछ । तथापि मगर समुदायको सांस्कृतिक पहिचानमा डिजिटल प्रणालीको प्रयोगले धेरै हदसम्म सहयोग गरेको कुरा स्पष्ट हुन्छ।

## निष्कर्ष

प्रस्तुत अध्ययनले डिजिटल युगमा मगर समुदायको सांस्कृतिक पहिचानमा सामाजिक सञ्जालले बहुआयामिक प्रभाव पारेको निष्कर्ष प्रस्तुत गर्दछ। सामाजिक सञ्जालले मगर भाषा, लोकसंस्कृति, भेषभूषा, लोकगीत, लोकनृत्य तथा चाडपर्वको संरक्षण, अभिलेखीकरण र प्रचार–प्रसारमा महत्त्वपूर्ण भूमिका खेलेको पाइएको छ। विशेषगरी युवा पुस्ताले डिजिटल माध्यममार्फत आफ्नो सांस्कृतिक पहिचानलाई सक्रिय रूपमा अभिव्यक्त गरिरहेको देखिएको छ भने बुढ्यौलीतिर ढल्कदै गरेकाहरूका लागि हाल हरेक परिवारका सदस्यहरू वैदेशिक रोजगारमा रहने हुँदा टाढैबाट भए पनि परिवारसँगको संबाद, छुन नपाए पनि हेरेर मन बुझाउन सकिने डिजिटल माध्यम एक मुख्य स्रोतको रूपमा रहेको छ। यस डिजिटल प्रणाली मगर संस्कृतिका लागि दोहोरो धार भएको तरवार जस्तै हो । यसले प्रविधिलाई संस्कृतिको अभिलेख, प्रचार र

भाषा शिक्षणमा सही ढङ्गले प्रयोग गर्ने हो भने यसले मगर संस्कृतिलाई जीवन्त राख्न ठूलो सहयोग पुऱ्याउँछ। तर केवल मनोरञ्जन र भाइरल हुने माध्यम मात्र बनाइयो भने यसको मौलिकता लोप हुने खतरा रहन्छ।

यस अध्ययनले सामाजिक सञ्जालद्वारा सांस्कृतिक चेतना, सामुदायिक सहभागिता तथा प्रवासी मगर समुदायसँगको सम्बन्धलाई सुदृढ बनाएको देखाएको छ। अर्कोतर्फ सांस्कृतिक व्यावसायीकरण, बाह्य सांस्कृतिक प्रभाव तथा मौलिकताको ह्रासजस्ता चुनौतीहरू पनि विद्यमान छन्। अतः सामाजिक सञ्जालको जिम्मेवार, समुदायकेन्द्रित तथा सृजनात्मक उपयोगलाई सांस्कृतिक अभ्याससँग प्रभावकारी रूपमा आबद्ध गर्न सकेमा मगर समुदायको मौलिक सांस्कृतिक पहिचान, परम्परागत ज्ञान तथा अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, पुस्तान्तरण र प्रवर्द्धनलाई दीर्घकालीन तथा सुदृढ आधार प्रदान गर्न सकिने यस अध्ययनको निष्कर्ष रहेको छ।

## सन्दर्भ सूची


Castells, M. (1996). *The rise of the network society*. Blackwell Publishers.

Central Bureau of Statistics. (2012). *National population and housing census 2011: National report.* Government of Nepal, National Planning Commission Secretariat.

Dahal, P. (1991). *History and culture of Nepal.* M. K. Publishers & Distributors.

Gere, C. (2002). *Digital culture.* Reaktion Books.

Hall, S. (1990). Cultural identity and diaspora. In J. Rutherford (Ed.), *Identity: Community, culture, difference* (pp. 222–237). Lawrence & Wishart.

Khadka, B. B. (2023). Impact of social media, Dipayal Silgadhi Municipality, Doti, Nepal. *DMC Research Journal, 5*(1), 55–72. https://doi.org/10.3126/dmcrj.v5i01.52045

Magar, A., & Lamichhane, H. K. (2025). Cultural identity at risk: The Magar language and its endangerment. *Journal of Development Review, 10*(1), 1–12. https://doi.org/10.3126/jdr.v10i1.75887

Nepal Federation of Indigenous Nationalities. (2003). *World's indigenous peoples day, August 9, 2001*. Federal Council, NEFIN.

Pokharel, B. (1998). *History of Khas community.* Udatta Anusandhan Adda.

Pun, D. B. (2024). सांस्कृतिक प्रचलनमा मगर जातिको मृत्यु संस्कार एक परिचय. *BMC Research Journal, 3*(1), 100–111. https://doi.org/10.3126/bmcrj.v3i1.69342

Sigdel, B. (2024). Intangible culture of Magar community in Tanahun District: A study of Bhimad Municipality. *The Saraswati Review, 1*(1), 25–31. https://doi.org/10.3126/tsr.v1i1.77503

Thapamagar, M. S. (2002). *Prachīn Magar ra Akkhā lipi* [Ancient Magar and the Akkha script] (2nd ed.). Briji Prakashan.